# प्रदेश राजपत्र

मधेश प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड९) जनकपुरधाम, नेपाल, असार २२ गते, २०८३ साल (संख्या१८

भाग ३

मधेश प्रदेश सरकार

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

सूचना

मधेश प्रदेश सरकार, मन्त्रिपरिषद्को मिति २०८३।०३।१८ को बैठकबाट आर्थिक वर्ष २०८२/८३ को बजेट कार्यान्वयनलाई सहज बनाउन

मधेश प्रदेश विनियोजन ऐन, २०८२ को दफा १२ को उपदफा (१) बमोजिम देहायबमोजिम बाधा अड्काउ फुकाउने आदेश जारी गरिएकोले सोही ऐनको दफा १२ को उपदफा (२) बमोजिम सर्वसाधारणको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ।

**(१)** मधेश प्रदेश सरकारका सम्पूर्ण मन्त्रालय तथा अन्तर्गतका निकाय/कार्यालयहरूको वार्षिक बजेट तथा कार्यक्रममा रहेको खर्च शीर्षक नं. ३१११२ (गैर आवासीय भवन खरिद), ३११७२ (पूँजीगत अनुसन्धान तथा परामर्श) र ३१५११ (भैपरी आउने पुँजीगत) को बजेट कार्यान्वयन गर्न अर्थ मन्त्रालयको पूर्व-स्वीकृति लिनु नपर्ने गरी बजेट फुकुवा गर्ने।

**(२)** मधेश प्रदेश सरकारका सम्पूर्ण मन्त्रालय तथा अन्तर्गतका निकाय/कार्यालयहरूको वार्षिक बजेट तथा कार्यक्रममा रहेको खर्च शीर्षक नं. ३११२१ (सवारी साधन), ३११२२ (मेशिनरी औजार) तथा ३११२३ (फर्निचर) को बजेट कार्यान्वयन गर्न अर्थ मन्त्रालयको पूर्व-स्वीकृति लिनु नपर्ने गरी बजेट फुकुवा गर्ने।

**(३)** प्रदेश लोक सेवा आयोग, मधेश प्रदेशको हकमा चालु आर्थिक वर्षमा सिर्जना भएका अनिवार्य

दायित्व भुक्तानी प्रयोजनका लागि मात्र लागू हुने गरी, मधेश प्रदेश विनियोजन ऐन, २०८२ को दफा ५ को उपदफा (२) बमोजिम रकमान्तर तथा थप निकासाका लागि तोकिएको दश प्रतिशतको सीमासम्बन्धी व्यवस्था लागू नहुने।

**स्वीकृत मितिः- २०८३/०३/१८**

**आज्ञाले**

**पार्वती शर्मा**

**सचिव**

**मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय,**

**मधेश प्रदेश।**



गृह, सञ्चार तथा कानुन मन्त्रालय मधेश प्रदेशबाट प्रकाशित